आज मिति २०८२ बैशाख १० गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

१९. लक्ष्मीराज उपाध्याय-आमन्त्रित वडा अध्यक्ष

# मिति २०८२ बैशाख १० गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

निर्णय नं. १

पूर्व बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। साथै कार्यालयको नियमित सेवाप्रवाह तथा विकासका गतिविधि सञ्चालनलाई थप प्रभावकारी बनाउन कर्मचारी प्रशासनलाई थप सक्रिय भएर लाग्न निर्देशन दिइयो।

निर्णय नं. २

थलारा गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८२।८३ को बजेट तर्जुमा सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले सिफारिस गरेको स्रोत अनुमान, बजेट सीमा तथा मार्गदर्शनका बिषयमा छलफल भयो। देहायको मार्गदर्शनका अधिनमा रही बजेट तर्जुमा प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

१) वडा समितिले वस्ती तथा टोल स्तरमा सरोकारवालाहरुको भेला गराई २०८२ बैशाख ३० गते भित्र वस्ती तथा टोल स्तरबाट आयोजना छनौट गरी सक्ने।

२) प्रत्येक वडामा जनप्रतिनिधी, सक्रिय राजनीतिक दलका पदाधिकारी, गैरसरकारी संस्था, समुह तथा सरोकारवालाहरुको सहभागितामा वडा स्तरिय पूर्व बजेट छलफल तथा राय सुझाव संकलन कार्यक्रम आयोजना गर्ने।

३) वडा समितिले मार्गदर्शन र सीमा भित्र रही सरोकारवालाहरुको राय सुझावलाई ध्यानमा राखी बिषय क्षेत्रगत आयोजनाहरुको प्राथमिकता निर्धारण गरी २०८२ जेठ १० गते भित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरीसक्ने। प्राथमिकता निर्धारण गर्दा खर्च संकेत, बिषयगत क्षेत्र, लाभान्वित जनसंख्या, लक्षित वर्ग, लक्ष्य र अनुमानित आवश्यक बजेट खुलाउने, १ बर्षमा सम्पन्न हुने हो वा बहुबर्षिय हो खुलाउने, बहुबर्षिय योजना भए कति बर्षमा सम्पन्न हुने हो खुलाउने, गाउँपालिका गौरवका आयोजना, प्रदेश वा संघीय सरकारलाई सिफारिस गरी पठाउनु पर्ने आयोजना अलग अलग खुलाई वडा समितिबाट निर्णय सहित वडा सचिवबाट प्रमाणित गरी पठाउने।

४) वडा समितिले प्राथमिकता निर्धारण गरी पठाउँदा ५ वटा बिषयगत क्षेत्रमा वर्गीकरण गरी चालु वा पजीगत समेत खुलाई पठाउने।

५) वित्तीय समानीकरण अनुदानबाट प्राप्त भएको रकम प्रशासनिक खर्च तर्फ विनियोजन नहुने गरी प्राथमिकता निर्धारण गर्ने।

६) आयोजना वा कार्यक्रमको नाम उल्लेख गर्दा उद्देश्य स्पष्ट हुने गरी राख्ने, प्रयोजन नखुलेको आयोजना प्राथमिकता क्रममा राख्न नमिल्ने।

प्रयाग राज पाध्या
प्रमुख प्रशासकीय अधिकृत

७) समग्र राष्ट्रिय नीति, दिगो विकासका लक्ष्य तथा गाउँपालिकाको नीति कार्यक्रम अनुरुप आयोजनाको प्रामथिकीकरण गर्ने।

८) साइट निश्चित भईसकेको, जग्गा वा कुनै विवाद नरहेको र आर्थिक, वातावरणीय तथा सामाजिक रुपमा सम्भाव्य हुने आयोजनामा मात्र बजेटमा समावेश हुने गरी आयोजना छनौट गर्ने।

९) आयोजनाको अनुमानित बजेट प्रस्ताव गर्दा प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई बजेट पुग्ने गरी वा बहुबर्षिय आयोजना भए स्रोत सुनिश्चिता हुने गरी मात्र बजेट प्रस्ताव गर्ने

निर्णय नं. ३

भूमिहिन सुकुम्वासी दलित वा अव्यवस्थित बसोबासीको लगत संकलन हुन छुट गएको हुँदा पुनः सूचना प्रकाशनका लागि भूमि समस्या समाधान आयोगलाई अनुरोध गर्ने।

निर्णय नं ४

गाउँपालिका राष्ट्रिय महासंघलाई बार्षिक सदस्यता शुल्क वापत रु ३०,०००/- पुजीगत तर्फको कन्टिजेन्सी खर्चबाट भुक्तानी दिने।

निर्णय नं ५

यस गाउँपालिका अन्तर्गत राष्ट्रिय परिचयपत्र इकाइमा कार्यरत एम आइ एस अपरेटर करार पद १ र आधारभूत स्वास्थ्य केन्द्र वडा नं ६ मा अ हे व चौथो पद १ रिक्त भएकोले उक्त पदमा करार पदपूर्ति प्रक्रिया अगाढी बढाउन स्वीकृति दिने ।

निर्णय नं ६

यस चालु आर्थिक बर्ष २०८१।८२ को मालपोत संकलन प्रक्षेपण भन्दा न्यून देखिएकोले राजश्व संकलनलाई थप प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयले टोल वस्तीमा गई मालपोत र घर कर संकलन गर्ने गरी घुम्ति शिविर सञ्चालन गर्ने।

निर्णय नं ७

भविष्य विल्डर्स प्रा लि लाई "घ" वर्गको इजाजत पत्र दिन स्वीकृति दिने ।

प्रयाग राज पाध्या
प्रमुख प्रशासकीय अधिकृत